**अमरगढी नगरपालिकाका उपप्रमुख श्री पार्वतीदेवी झुकालद्वारा मिति २०८१ असार १० गते सोमबारका दिन नगर सभामा पेश गर्नुभएको आ.व. २०८१।०८२ को बजेट बक्तव्य**

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यज्यूहरू,**

१. नेपालको संविधान अनुसार प्रत्येक आर्थिक वर्षको राजश्व र व्ययको अनुमान नगर सभामा पेश गरी पारित गराउनुपर्ने र स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार आगामी आर्थिक वर्षको राजश्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेश गर्नुपर्ने व्यवस्था भएबमोजिम अमरगढी नगरपालिकाको यस गरिमामय नगर सभासमक्ष आगामी आर्थिक वर्ष २०८१/८२ को वार्षिक बजेट पेश गर्न अनुमति चाहन्छु ।

२. यस शुभ अवसरमा म मुलुकको राजनीतिक, सामाजिक रुपान्तरणका लागि विभिन्न समयमा भएका आन्दोलन र सङ्घर्षका क्रममा आफ्नो अमूल्य ज्यान उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु साथै मुलुकको रुपान्तरण तथा विकासमा विभिन्न ढंगबाट योगदान पुऱ्याउनुहुने सम्पूर्ण अग्रज व्यक्तित्वहरूप्रति उच्च सम्मान प्रकट गर्दछु ।

३. बजेट तथा कार्यक्रम तयार पार्दा नेपालको संविधानमा उल्लेख भएका स्थानीय तहका एकल तथा साझा अधिकारसूचीका विषयहरू, नागरिकका मौलिक हकहरू, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, दिगो विकासका लक्ष्यहरू, चालु आवधिक योजना, नगरपालिकाले जारी गरेका विभिन्न कानून तथा मार्गदर्शक दस्तावेजहरू, नेपाल सरकार र सुदूरपश्चिम प्रदेश सरकारले ल्याएका आगामी आ.व.को नीति, कार्यक्रम तथा बजेटलाई आधार बनाएको छु । नगरपालिकाको राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, विषयगत समिति तथा शाखाहरू, कार्यपालिका सदस्यहरू, विभिन्न राजनीतिक दलका प्रतिनिधि, निजी तथा सहकारी क्षेत्र र नगरवासी स्थानीय जनसमुदायबाट विभिन्न समयमा विभिन्न माध्यमबाट प्राप्त भएका राय सुझावहरूलाई समेत ध्यान दिई प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु ।

४. स्थानीय सरकारको हैसियतमा रही नगरवासीका विकास र समृद्धिको आकाङ्क्षालाई सम्बोधन गर्न तथा सामाजिक, आर्थिक दृष्टिकोणबाट पछाडी परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई आर्थिक लाभको अवसर प्रदान गर्ने तर्फ बजेट तथा कार्यक्रम लक्षित गरेको छु ।

५. प्रस्तुत बजेट तथा कार्यक्रमले नगरवासीहरूको जीवनस्तरमा क्रमिक सुधार ल्याउन र स्थानीय सरकार प्रति जनताको भरोसा कायम राख्ने र भविष्यप्रति आशा जगाउने कुरामा विश्वास लिएको छु ।

**सभाध्यक्ष महोदय,**

अब म गत आर्थिक वर्ष २०७९।०८० को यथार्थ आय व्ययको जानकारी गराउने अनुमति चाहन्छु

६. गत आर्थिक वर्ष ०७९।८०मा निकासा प्राप्त कुल अनुदान रू. ६९ करोड ३५ लाख ५८ हजार ८ सय ६१ रहेको, जसमध्ये अन्तरसरकारी वित्तीय हस्तान्तरण मार्फत प्राप्त अनुदान रु.६१ करोड ६२ लाख ६१ हजार ६ सय ६५ र गत सञ्चित कोष मौज्दातसहितको आन्तरिक आय रु. ७ करोड ७२ लाख ९७ हजार १ सय ९६ रहेको थियो । त्यस्तै उक्त आर्थिक वर्षमा जम्मा खर्च रु. ६३ करोड ८२ लाख २६ हजार ४ सय ३३ भएको थियो । यसरी उक्त आ.व. मा ८८.५३ प्रतिसत खर्च भएको देखिन्छ ।

**सभाध्यक्ष महोदय,**

अब म चालु आर्थिक वर्ष २०८०।८१ को आर्थिक गतिविधि तथा बजेट कार्यान्वयनको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

७. चालु आर्थिक वर्ष २०८०।८१ मा आन्तरिक राजश्व संकलन रु. १ करोड ६० लाख ५० हजार हुने अनुमान गरिएकोमा जेठ मसान्तसम्म रु. १ करोड ४१ लाख प्राप्त भएको छ । असार मसान्त सम्ममा रू.१ करोड ६० लाख ५० हजार आन्तरिक राजश्व संकलन हुने संशोधित अनुमान छ । जम्मा अनुदानतर्फ चालु आ.व. २०८०।०८१ को जेठ मसान्तसम्ममा रु. ५५ करोड ५२ लाख ६३ हजार ३ सय १९ प्राप्त भएकोमा वित्तीय हस्तान्तरणतर्फ नेपाल सरकारबाट रु.४४ करोड ८० लाख ८८ हजार र प्रदेश सरकारबाट रु. २ करोड ५१ लाख १३ हजार, राजश्व बाँडफाँडबाट प्राप्त हुने रु. ९ करोड ५ लाख १० हजार ३ सय र आन्तरिक आम्दानी र मौज्दात समेतको रु. ४ करोड ३५ लाख ५० हजार गरी कुल रु. ६० करोड ७२ लाख ६१ हजार ३ सय हुने संशोधित अनुमान गरिएको छ ।

८. चालु आर्थिक वर्ष २०८०।८१ को जेठ मसान्तसम्ममा कुल खर्च रु. ४४ करोड १५ लाख १० हजार ६ सय २७ भएको छ, जुन अनुमानित खर्चको ७२.७४ प्रतिशत हुन आउँछ । जेठ मसान्तसम्म भएको कुल खर्चमध्ये चालु तर्फ रु. २७ करोड ६९ लाख ६२ हजार ४ सय १५ अर्थात ७२.६४ प्रतिशत र पुँजीगत तर्फ रु. १६ करोड ४५ लाख ४८ हजार २ सय १२ अर्थात ७२.९३ प्रतिशत खर्च भएको छ । चालु आ.व. को असार मसान्त सम्मको लागी रु. ६० करोड ७२ लाख ६१ हजार ३ सय खर्च हुने संशोधित अनुमान छ । यसमा चालु खर्च तर्फ रु. ३८ करोड १२ लाख ५८ हजार ३ सय र पुँजिगत खर्च तर्फ रु. २२ करोड ५६ लाख ३४ हजार खर्च हुने अनुमान छ ।

**सभाध्यक्ष महोदय,**

९. अब म हालसम्म कार्यान्वयन भएका केही मुख्य-मुख्य उल्लेखनीय कार्यहरू पेश गर्ने अनुमति चाहन्छु ।

क) स्थानीय तहको गठनपश्चात अमरगढी नगरपालिकाको कार्यालय र ११ वटा वडा कार्यालय स्थापना भएका जसमध्ये भई ९ वटा वडा कार्यालय आफ्नै र बाँकी २ वटा वडा कार्यालय निर्माण हुन बाँकी रहेका छन् । सम्बन्धित वडाबाट नै नागरिकलाई अधिकतम् सेवा प्रवाहको व्यवस्था गरिएको छ ।

ख) सबैजसो वडा तथा बस्तीहरू सडक सञ्जालसँग जोडिएका छन् । अधिकांश गाउँ तथा टोलका भित्री सडक तथा बाटाहरूको स्तरोन्नतीको कार्य भइरहेको छ ।

ग) महाकाली राजमार्गमा पर्ने डडेल्धुरा बजार क्षेत्रको सडक विस्तारका लागि नेपाल सरकारसँगको सहकार्यमा कार्य प्रारम्भ भएको छ ।

घ) अमरगढी किल्ला लगायतका पर्यटकीय क्षेत्रका पूर्वाधारहरूको निर्माण, विकास तथा सुधार निरन्तर भइरहेको छ ।

ङ) फोहोरमैला व्यवस्थापनका लागि जग्गा प्राप्त भई पूर्वाधार निर्माणको प्रक्रिया अगाडी बढेको छ ।

च) डकले क्षेत्रमा बसपार्क निर्माणका लागि जग्गा प्राप्त भई पूर्वाधार विकासको कार्यप्रक्रिया अगाडी बढेको छ ।

छ) डडेल्धुरा मेडिकल कलेजका लागि जग्गा उपलब्ध गराउने कार्य सम्पन्न भई पूर्वाधार विकासका लागि संघ सरकारको सहयोगमा कार्य निरन्तर भइरहेको छ ।

ज) बहुउद्देश्यीय भवन निर्माणको प्रक्रिया अगाडी बढाइएको छ ।

झ) GIZ, नेपाल सरकार, प्रदेश सरकारको सहयोग र साझेदारीमा सञ्चालित GRAPE परियोजनामार्फत कृषि तथा पशुपन्छी विकासको क्षेत्रमा जलवायु मैत्री प्रविधि तथा पूर्वाधारहरूको विकास गर्ने कार्य भएको छ ।

ञ) नगरपालिकालाई पोषणमैत्री नगरपालिका बनाउन १० नं. वडालाई देशकै पहिलो पोषणमैत्री वडा घोषणा गरिएको छ र अन्य वडाहरूलाई समेत घोषणाका लागि आवश्यक तयारीका कार्य भइरहेका छन् ।

ट) मातृ, शिशु र बाल स्वास्थ्मा उल्लेखनीय सुधार भएको छ । क्षयरोग, मुटुरोग, मृगोला रोग, आमा र बच्चाहरूमा देखिने रोगहरू लगायत अन्य नसर्ने रोगहरूको पहिचान तथा उपचारका लागि नगरपालिका तथा वडास्तरमा कार्यक्रम सञ्चालन गरिएका छन् ।

ठ) राज्यबाट उपलब्ध गराइएका सवै खोपहरू बालबालिकाहरूलाई समयमै नि:शुल्क र गुणस्तरिय रुपमा उपलब्ध गराईएको छ ।

ड) विद्यालय नर्सिङ कार्यक्रमलाई व्यवहारमुखी बनाई विद्यार्थी जिम्मेवार पद्धतिलाई अभ्यासमुखी बनाइएको छ ।

ढ) विद्यालय जाने उमेरका बालबालिकाको भर्ना र विद्यालय शिक्षा पुरा गर्ने दर बढेको छ। आधारभूत तथा माध्यमिक शिक्षा सहित सबै तहको शिक्षामा लैङ्गिक समानता हासिल भएको छ। आधारभूत तहको स्थानीय पाठ्यक्रम र स्रोत सामग्री निर्माण भई कार्यान्वयन गरिएको छ।

ण) सबै विद्यालयमा स्वच्छ खानेपानीका आवश्यक पूर्वाधार निर्माण भएको छ। शैक्षिक सुशासनका लागि ई-हाजिरी, सिसि क्यामेरा जडान लगायतका प्रविधिजन्य पूर्वाधारहरूको विकास निरन्तर भइरहेको छ।

त) नमुना विद्यालय, परम्परागत विद्यालय र प्राविधिक धारका विद्यालयहरूका लागि अनुदान तथा पूर्वाधार सहायता उपलब्ध गराइएको छ।

थ) शहरी शासकीय तथा पूर्वाधार आयोजना (NUGIP) मार्फत बाटोघाटो, खानेपानी, सिंचाई, धार्मिक-सांस्कृतिक स्थल लगायतका संरचनाहरूको निर्माण भएको छ।

द) प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत स्थानीय नगरवासीहरूको रोजगारीको अवसरमा बृद्धि भएको छ।

ध) सूचना प्रविधिको संख्यात्मक तथा गुणात्मक विकास भएको छ।

**सभाध्यक्ष महोदय,**

१०. उल्लेखित कार्य प्रगति हुँदाहुँदै पनि अमरगढी नगरपालिकाको विकासका लागि विभिन्न समस्या तथा चुनौतीहरू विद्यमान छन्। मुलुकको अर्थतन्त्रमा देखिएका समस्या एवं चुनौतीका कारण आर्थिक परिसूचकहरू दवावमा परेका छन् । अमरगढी नगरपालिकाको समग्र विकासको सन्दर्भमा देखिएका समस्या तथा चुनौतीहरूलाई निम्नानुसार उल्लेख गर्न चाहन्छु।

क. आन्तरिक आम्दानी पर्याप्त नभएको र विकास योजना तर्जुमा गर्दा प्रचलित कानून र बजेट तर्जुमा दिग्दर्शन लगायतका आधारहरू चरणवद्ध अवलम्वन हुन नसकेका कारण स-साना टुक्रे आयोजनाहरू बनाउने र स्रोतलाई छरपस्ट पारिने प्रवृत्तिले दिगो विकासमा योगदान नपुग्ने समस्या रहेको छ।

ख. स्रोतलाई एकीकृत गरी ठूला एवं लाभयुक्त आयोजनाहरू तर्जुमा गरी नागरिकले प्रत्यक्ष अनुभव गर्न सक्ने विकास कार्यक्रम कार्यान्वयन गरी समाजमा रोजगारी सृजनामार्फत सामाजिक एवं आर्थिक विकासमा टेवा पुऱ्याउनु चुनौतीपूर्ण देखिन्छ।

ग. जग्गाको विषयमा विवाद हुने, लाभग्राहीबाट योगदान गर्न नचाहने प्रवृतिले पूर्वाधार विकासका कार्यमा अवरोध पुगिरहेको देखिन्छ। उपभोक्ता समिति मार्फत सञ्चालित आयोजनाहरूमा निर्माण सम्बन्धी विशिष्ठ ज्ञान र उपकरण नहुँदा निर्माण व्यवसायी वा सव कन्ट्रयाक्टर मार्फत कार्य गर्ने प्रवृत्तिले निर्माण कार्यमा अस्वस्थ प्रतिस्पर्धा सृजना हुने र सुशासन कायम गर्न चुनौती विद्यमान छ।

घ. उपभोक्ता समितिको क्षमता विकास गरी सार्वजनिक परीक्षणलाई प्रभावकारी गराउन पनि चुनौतीपूर्ण रहेको छ।

ङ. निर्माण व्यवसायी मार्फत निर्माण हुने पूर्वाधार आयोजनाहरूमा निर्माण व्यवसायीले कानुन अनुसार निर्माण आयोजनामा राख्नुपर्ने प्राविधिकको व्यवस्था नगर्दा निर्माण कार्यमा अपेक्षित गुणस्तर कायम गर्न चुनौती रहको छ।

च. LISA , FRA र प्रकृतिक स्रोत तथा वित्त आयोगको मूल्याङ्कन सूचकमा सुधार गर्न चुनौती रहेको छ।

छ. संघीय र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान समयमै प्राप्त नहुँदा कोष परिचालन तथा कार्यसम्पादनमा चुनौती रहेको छ।

ज. चालु प्रकृतिका खर्च अस्वाभाविक रुपमा बृद्धि भएकाले पुँजी निर्माण र विकास निर्माणका कार्यमा पर्याप्त लगानी हुन नसक्ने परिस्थितिले नागरिकको विकासको अपेक्षा पूरा गर्न चुनौती देखिएको छ।

झ. नगर प्रहरीको गठन हुन नसक्दा सरसफाइ, बजार व्यवस्थापन, सुरक्षा, सुव्यवस्था र नगरपालिकाको नीति कार्यान्वयन चुनौतीपूर्ण रहेको छ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेटका उद्देश्य र प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु।

११. प्रस्तुत बजेटका उद्देश्यहरू देहायबमोजिम रहेका छन्:

क) उत्पादन, उत्पादकत्व र रोजगारी बृद्धि गर्नु ,

ख) विकास निर्माण तथा आर्थिक क्रियाकलापमा तीव्रता ल्याउनु,

ग) मानव संशाधन विकास गर्नु,

घ) स्रोत साधनलाई सन्तुलित ढंगले परिचालनमार्फत गरिबी न्यूनीकरण गर्नु,

ङ) सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु,

च) संघ र प्रदेश सरकारको नीति, कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्‍याउनु।

१२. प्रस्तुत बजेटका प्राथमिकताहरू देहायबमोजिम निर्धारण गरेको छुः

क) आर्थिक सुधारका लागि तीनखम्बे नीति कार्यान्वयन,

ख) कृषि, उर्जा, सूचना प्रविधि, पर्यटन तथा पूर्वाधार विकास,

ग) शिक्षा, स्वास्थ्य, सरसफाइ तथा सामाजिक क्षेत्रको विकास,

घ) समावेशीता र सामाजिक सुरक्षा,

ङ) सुरक्षा, सुशासन प्रबर्द्धन तथा सेवा प्रवाहमा सुधार ।

**सभाध्यक्ष महोदय,**

१३. आगामी आर्थिक वर्षको क्षेत्रगत बजेट विनियोजन गर्दा आर्थिक गतिविधि बढ्ने, तत्काल प्रतिफल प्राप्त गर्न सकिने, आगामी आर्थिक वर्षमै सम्पन्न हुने, चालु आयोजनाहरूको कार्यान्वयन निरन्तरता सुनिश्चित गर्ने  र सेवा प्रवाहलाई प्रभावकारी बनाउन संघ र प्रदेश सरकारसँग उच्चतम समन्वय र सहकार्य गर्ने तथा सार्वजनिक, निजी, सहकारी क्षेत्रसँगको साझेदारीमा विकास प्रक्रियालाई अघि बढाउने कार्यक्रमतर्फ जोड दिएको छु ।

**सभाध्यक्ष महोदय,**

अब म माथि उल्लेख गरिएका उपलब्धि, चुनौती, उद्देश्य र प्राथमिकताका आधारमा आगामी आर्थिक वर्ष २०८१।०८२ को लागि तयार पारिएको वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्दा मुख्य केही कार्यक्रमहरूलाई उल्लेख गर्न चाहन्छु ।

१४. गाई, भैंसीको साना व्यवसाय प्रबर्द्धन तथा कृषि उत्पादन बृद्धि गरी पकेट विकास कार्यक्रम सञ्चालन गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु । साथै रैथाने बालीको संरक्षण र प्रबर्द्धनका लागि बजेट विनियोजन गरेको छु ।

१५. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाई वडा कार्यालयहरूबाट Online सेवा प्रवाह भइरहेको छ । सामाजिक सुरक्षा संरक्षण कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणाली मार्फत वितरण गरिने कार्यलाई निरन्तरता दिइएको छ ।

१६. सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार गरी पठन पाठनलाई थप गुणस्तरीय बनाउन र शैक्षिक सुशासन कायम गर्न प्रविधि तथा पूर्वाधार विकासका लागि बजेट विनियोजन गरिएको छ ।

१७. नमुना विद्यालय लगायत अन्य सामुदायिक तथा परम्परागत विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१८. बालविकास कक्षाका शिक्षक तथा विद्यालय कर्मचारीहरूलाई न्यूनतम् पारिश्रमिक उपलब्ध गराउन संघ सरकारसँग गरिएको साझेदारीलाई निरन्तरता प्रदान गरेको छु । यसका लागि रु. ७० लाख बजेट विनियोजन गरेको छु ।

१९. खेल प्रशिक्षण र खेल गतिविधिलाई व्यवस्थित गर्न नगरपालिकास्तरमा खेल प्रशिक्षकको व्यवस्था मिलाइनेछ। यसका लागि आगामी आ.व. मा रु. १० लाख बजेट विनियोजन गरेको छु।

२०. बाल स्वास्थ्य एवं पोषण कार्यक्रमलाई थप प्रभावकारी बनाउन हाल सञ्चालनमा रहेको बहुक्षेत्रीय पोषण कार्यक्रम तथा पोषणमैत्री नगरपालिका घोषणा तयारीका क्रियाकलापका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।

२१. नयाँ लघु उद्यमी सिर्जना गर्न, उद्यमको स्तरोन्नति, प्रविधि हस्तान्तरण लगायतका कार्यक्रमहरू सञ्चालन गर्न बजेट विनियोजन गरिएको छ ।

२२. लागु औषध दुरुपयोग तथा ओसार पसार र आपराधिक कार्यलाई न्यूनिकरणका लागि प्रहरीसँग सहकार्य गर्न आवश्यक व्यवस्था मिलाएको छु।

२३. रोजगार सेवा केन्द्रलाई थप सुदृढ गरी प्रभावकारी बनाईनेछ।

२४. बसपार्क-मालम सडक र राईं-तल्लो बुडाली-भडार सडकका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२५. आन्तरिक उत्पादनलाई बढावा दिई निर्यात प्रवर्द्धन गर्न वडा नं १, २ र ३ मा वृहत सिँचाई आयोजना निरन्तरताका लागि बजेट विनियोजन गरेको छु।

२६. ऐतिहासिक अमरगढी किल्लाको आवश्यक पूर्वाधार निर्माण तथा संरक्षणका लागि रु ५० लाख विनियोजन गरेको छु।

२७. सुरक्षित नागरिक आवास कार्यक्रमलाई निरन्तरता दिएको छु।

२८. फोहोरमैला व्यवस्थापनको लागि व्यवस्थित ल्याण्डफिल साइट निर्माण गर्न बजेट व्यवस्था गरेको छु। यसका लागि रु ४८ लाख विनियोजन गरेको छु।

२९. निर्माणाधीन वडा कार्यालय भवन र स्वास्थ्य संस्था भवन सम्पन्न गर्न बजेट व्यवस्था गरेको छु।

३०. नगरपालिकामा कार्यरत कर्मचारिहरूको मनोवल उच्च राख्न कार्य प्रगति मूल्याङ्कन गरी दण्ड र पुरुस्कारको व्यवस्था प्रभावकारी बनाईने छ।

३१. कर्मचारीको योग्यता, क्षमता लाई उच्च मूल्याङ्कन गरी कार्यप्रगतिका आधारमा प्रोत्साहन तथा फिल्ड भत्तामा हाल विद्यमान रहेको असमानता अन्त्य गर्न आन्तरिक नियन्त्रण प्रणालीमा आवश्यक व्यवस्था गरिनेछ।

३२. "मेयर सपोर्ट अन द स्पोट कार्यक्रम", "प्रसुतीसँग उप-प्रमुख कार्यक्रम" र "लक्षित वर्ग तथा महिला क्षमता विकास कार्यक्रम" कार्यान्वयन गर्न तथा विभिन्न कल्याणकारी संस्थालाई अनुदान सहयोग उपलब्ध गराउन आवश्यक व्यवस्था गरिनेछ।

३३. नगर प्रहरीको गठन गरी नगर क्षेत्रको सरसफाइ, सुरक्षा, बजार क्षेत्रको अव्यवस्था नियन्त्रण तथा नगरपालिकाको नीति कार्यान्वयनमा परिचालन गरिनेछ। यसका लागि रु. ५० लाख बजेट विनियोजन गरेको छु।

३४. विश्व बैङ्कको सहयोगमा हाल कार्यान्वयनमा रहेको नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना मार्फत नगर क्षेत्रभित्र पूर्वाधार निर्माणका लागि निरन्तरता प्रदान गरिनेछ।

३५. जलवायु मैत्री कृषि तथा पशुपन्छी विकासका कार्यक्रमका लागि GIZ को सहयोगमा कार्यान्वयनमा रहेको GRAPE परियोजनालाई निरन्तरता दिइनेछ साथै आगामी आ.व. मा युएसएआइडीको सहयोग समेतमा कार्यक्रम सञ्चालनको व्यवस्था मिलाइनेछ।

३६. नगर क्षेत्रमा हुनसक्ने सम्भावित विपदको पूर्वतयारी तथा प्रतिकार्यका लागि विपद व्यवस्थापन कोषको योजनाबद्ध परिचालन गरिनेछ। यसका लागि विपद व्यवस्थापन कोषमा रहने गरी रु. १० लाख विनियोजन गरेको छु।

३७. स्थानीय स्रोत साधनको प्रभावकारी उपयोग र परिचालन गर्न नवप्रवर्द्धनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रमका लागि रु. १० लाख विनियोजन गरेको छु।

३८. मौलिक परम्परागत कला तथा सीपलाई रोजगारी र आयमूलक व्यवसायमा आबद्ध गरिनेछ र त्यस्ता कला तथा सीपको जगेर्नाका लागि आवश्यक कार्य गरिनेछ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आ.व. २०८१।८२ का उल्लेखित कार्यक्रम कार्यान्वयनका लागि बजेट विनियोजन तथा स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न चाहन्छु।

३९. आगामी आर्थिक वर्षमा हुने व्ययतर्फ उपभोग तथा चालु प्रकृतिका कार्यक्रमहरू लगायतका खर्च व्यवस्थापनको लागि कुल रु.४३ करोड ६७ लाख ४४ हजार चालु तर्फ, पुँजी बृद्धि तथा विभिन्न विकास निर्माणका लागि कुल रु.१७ करोड १९ लाख पुँजिगत तर्फ गरी कुल रु. ६० करोड ८६ लाख ४४ हजार विनियोजन गरिएको छ।

४०. यस बजेटद्वारा प्रस्ताव गरिएको कर तथा राजश्व सम्बन्धी नीतिका कार्यान्वयनबाट आगामी आर्थिक वर्षको आषाढ मसान्त सम्ममा आन्तरिक आय रु. १ करोड ६० लाख संकलन हुने, नेपाल सरकारबाट रु. ४४ करोड ८९ लाख र प्रदेश सरकारबाट रु. ४ करोड ६९ लाख ८६ हजार वित्तिय हस्तान्तरण मार्फत प्राप्त हुने, संघीय राजश्व बाँडफाँडबाट रु.९ करोड ६ लाख तथा प्रदेश राजश्व बाँडफाँडबाट रु. ३१ लाख ५८ हजार, मालपोत रजिष्ट्रेशन शुल्कबाट रु.३० लाख गरी कुल रु.६० करोड ८६ लाख ४४ हजार आय अनुमान गरिएको छ। आन्तरिक आयस्रोत तर्फका करका दरहरू छुट्टै अनुसूचीमा प्रस्तुत गरेको छु।

**सभाध्यक्ष महोदय,**

४१. अब म आगामी आ.व. २०८१।८२ का लागि माथि प्रस्तावित आय व्यय विवरण गरिमामय सभामा छलफल गरी पारित हुनका लागि पेश गर्दछु । साथै, आगामी आ.व. २०८१।८२ का लागि कार्यान्वयन हुनका लागि तयार पारिएको आर्थिक विधेयक, २०८१ र विनियोजन विधेयक, २०८१ समेतमा आवश्यक छलफल भई पारित हुनका लागि पेश गर्दछु ।

४२. अन्त्यमा, बजेट तर्जुमा गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्ने सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु । साथै, प्रस्तावित बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सम्बद्ध पक्षहरू र आम नगरवासीलाई हार्दिक अनुरोध सहित सबल, समृद्ध र न्यायपूर्ण नगर निर्माणमा योगदान गर्न आह्वान गर्दछु । धन्यवाद ।

**पार्वती देवी झुकाल**
**उप-प्रमुख**

**मिति: २०८१/०३/१०/०२**